# युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५

पृष्ठभूमि

देशको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रका महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ। नेपालमा प्रत्येक बर्ष करिब ४ लाख ५० हजार जति उत्पादनशिल युवाहरुको रोजगार बजारमा प्रवेश हुने गरेको छ। देश भित्रै रोजगारीका अवसरहरुको सृजना हुन नसक्दा बर्षेनी उल्लेख्य संख्यामा उत्पादनशिल युवाहरु रोजगारीको लागि विदेश पलायन भैरहेका छन्। यसै सन्दर्भमा, युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न युवा लक्षित कृषि व्यवसाय सञ्चालनार्थ प्रतिस्पर्धी रुपमा अनुदान प्रवाह गर्न हिलिहाङ गाउँपालिकाले चालु आ.व. २०७५/०७६ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्य मार्फत ल्याईएको युवा लक्षित कार्यक्रम समेत कार्यान्वयन हिलिहाङ गाउँपालिका कृषि विकाश शाखाले "युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५" तयार गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम "युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(ख) यो कार्यविधि हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२ परिभाषा:

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "युवा लक्षित कार्यक्रम" (Youth Focused Program) भन्नाले युवाहरुलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती, मत्स्यपालन, मौरीपालन, च्याउ खेती,**गाई पालन, बाख्रा पालन, डेरी उत्पादन** भन्ने बुझ्नु पर्छ।

ख) "युवा" भन्नाले युवा लक्षित कार्यक्रम संचालन गर्न चाहने १८ देखि ५० बर्ष उमेर पुगेका नेपाली नागरिक भन्ने बुझ्नु पर्छ।

ग) "स्कीम" भन्नाले युवा लक्षित कार्यक्रम संचालनको लागि सम्बन्धित युवाहरुले पेश गरेको प्रस्ताव भन्ने बुझ्नु पर्छ।

घ) "सम्बन्धित गाउँपालिका" भन्नाले हिलिहाङ गाउँपालिका भन्ने बुझ्नु पर्छ।

ङ) "कृषि विकास शाखा" भन्नाले हिलिहाङ गाउँपालिका अन्तरगतको कृषि विकास शाखा भन्ने बुझ्नु पर्छ।

च) ''क्लस्टर'' भन्नाले मौरीपालनमा एक पकेट क्षेत्रमा कम्तिमा ४०० मौरी गोला सहितको घार र च्याउको हकमा एकै पकेट क्षेत्रमा कम्तिमा पनि १४X२२ वर्ग फिटका ८० वटा प्लास्टिक घर निर्माण गरिएको क्षेत्र जनाउछ।

छ) फार्म भन्नाले दर्ता भएका वा नभएका दुवै लाई बुझ्नु पर्दछ।

CamScanner

३. उद्देश्य: यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) कृषि व्यवसाय संचालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) युवा वर्गका लागि स्वदेशमा रोजगारीका अवसरहरुको श्रृजना गर्ने ।

(ग) युवाहरुको आय आर्जनमा सेवा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउने

(घ) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

## परिच्छेद-२
## युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन बिधि

**४) युवा लक्षित व्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु :**

युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :

क) तरकारी खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनु पर्ने छ ।

ख) तरकारी खेतीको लागी जमिन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ । स्कीम संचालन गर्ने युवा सोहि गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्ने र सम्वन्धित गाउँपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनु पर्नेछ ।

ग) व्यवसायिक तरकारी खेतीको लागि सम्वन्धित युवाहरुले स्कीमको कुल लागतको कम्तिमा ५०% भार व्यहोर्नु पर्नेछ । उक्त भार रकम श्रमदान जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ ।

घ) दलित, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

ङ) सकेसम्म सम्बन्धित गाउँपालिकाले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रका स्कीम छनौट गर्नुपर्नेछ ।

च) प्रतिकुल वातावरणीय असर न्यून पार्ने किसिमका स्किमहरुलाई प्रोत्साहित गर्नु पर्दछ ।

छ) हिलिहाङ गाउँपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट तरकारी खेती प्रयोजनका लागि सहयोग नलिएको स्किम छनौट गर्नु पर्दछ ।

ज) छनौट भएका स्किमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

**५) युवा लक्षित व्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन प्रकृया:**

युवा लक्षित व्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) सूचना प्रवाह : हिलिहाङ गाउँपालिका कृषि विकास शाखाले युवा लक्षित व्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्दा विभिन्न माध्यम बाट सुचना प्रवाह गर्नु पर्ने छ ।

ख) आवेदन : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि व्यबसायिक तरकारी उत्पादन कार्यक्रम कार्यान्वयनको लागि बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानिय बेरोगार युवाहरुबाट अनुसूची २ वमोजिमको ढाँचामा संवन्धित वडा कार्यालयमा नै निवेदन पेश गर्नु पर्ने छ ।

ग) स्किम: आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ । स्कीमलाई यथार्थपरक पार्न हिलिहाङ गाउँपालिका कृषि बिकास शाखाले सहयोग गर्नु पर्दछ ।

घ) छनौट प्रक्रिया : कार्यक्रम छनोट गर्दा सम्वन्धित आफ्नो वडामा परेको निवेदनको आधारमा त्यसै वडाको वडा समितिले कार्यक्रम छनोट गर्ने छ र हिलिहाङ गाउँपालिका कृषि विकाश शाखा मा पठाउने छ ।

ङ) अनुदान रकम र प्रक्रिया : अनुदान सहयोगको रकम र प्रक्रिया देहाय वमोजिम हुनेछ ।

१. युवालक्षित कार्यक्रम संचालनको लागि हिलिहाङ गाउँपालिकाले सम्वन्धित विषयगत शाखालाई नै अख्तियारी उपलब्ध गराउने छ ।

२. प्रति स्किम बढिमा रु. ५०,०००।- सम्म अनुदान स्वरुप रकम उपलब्ध गराईनेछ ।

३. स्वीकृति पश्चात हिलिहाङ गाउँपालिकाको कार्यालयले उक्त कार्यक्रमको लागि सम्झौता गरी कार्य सम्पन्न, तथा अनुगमन पस्चात रकम उपलब्ध गराउने ।

च) कार्य सम्पन्न प्रतिवेदन: युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्वन्धित वडा कार्यालय मार्फत सम्वन्धित हिलिहाङ गाउँपालिका कृषि बिकास शाखामा अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । हिलिहाङ गाउँपालिका कृषि बिकास शाखाले गाउँपालिकामा संचालित युवा लक्षित कार्यक्रमको प्रगती कम्पायल गरि चौमासिक र वार्षिक रुपमा प्रगती प्रतिवेदन तयार गरि सम्बन्धित गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

छ) भुक्तानी प्रकृया :कार्यक्रम सम्पन्न भए पछि हिलिहाङ गाउँपालिका, हिलिहाङ गाउँपालिका कृषि विकाश शाखा र सम्बन्धित वडा कार्यालय ले अनुगमन गरे पश्चात एक मुष्ठ रुपमा रकम भुक्तानि गरीने छ ।

## परिच्छेद-३
### युवा लक्षित व्यवसायिक फलफूल खेती कार्यक्रम सञ्चालन विधि

**४) युवा लक्षित ब्यबसायिक फलफूल खेती कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु :**

युवा लक्षित ब्यबसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :

क) फलफूल खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनु पर्ने छ ।

ख) फलफूल खेतीको लागी जमिन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ । स्कीम संचालन गर्ने युवा सोहि गाउँपालिकाको स्थायी बासिन्दा हुनु पर्ने र सम्वन्धित गाउँपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनु पर्नेछ ।

ग) व्यवसायिक फलफूल खेतीको लागि सम्बन्धित युवाहरुले स्कीमको कुल लागतको कम्तिमा ५०% भार व्यहोर्नु पर्नेछ । उक्त भार रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्ने छ ।

घ) दलित, सामाजिक रुपमा पिछडिएका तथा विपन्न युवावर्गलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

ङ) सकेसम्म सम्बन्धित गाउँपालिकाले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रका स्कीम छनौट गर्नुपर्नेछ ।
च) प्रतिकुल वातावरणीय असर न्यून पार्ने किसिमका स्किमहरुलाई प्रोत्साहित गर्नु पर्दछ ।
छ) हिलिहाङ गाउँपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट फलफूल खेती प्रयोजनका लागि सहयोग नलिएको स्किम छनौट गर्नु पर्दछ ।
ज) छनौट भएका स्किमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

**५) युवा लक्षित व्यवसायिक फलफूल खेती कार्यक्रम सञ्चालन प्रकृया:**
युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।
क) सूचना प्रवाह : हिलिहाङ गाउँपालिका कृषि विकास शाखाले युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्दा **विभिन्न माध्यम बाट सुचना प्रवाह गर्नु पर्ने छ ।**
ख) आवेदन : उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि व्यवसायिक तरकारी उत्पादन कार्यक्रम कार्यान्वयनको लागि विदेशबाट फर्केका, विदेश जान लागेका तथा स्थानिय बेरोगार युवाहरुबाट अनुसूची २ बमोजिमको ढाँचामा **संवन्धित वडा कार्यालयमा नै निवेदन पेश गर्नु पर्ने छ ।**
ग) स्किम: आवेदनको साथमा अनुसूची ३ बमोजिमको ढाँचामा आफूले गर्न चाहने स्किमको संक्षिप्त कार्ययोजना पेश गर्नुपर्नेछ । स्कीमलाई यथार्थपरक पार्न हिलिहाङ गाउँपालिका कृषि बिकास शाखाले सहयोग गर्नु पर्दछ ।
घ) छनौट प्रक्रिया : **कार्यक्रम छनोट गर्दा सम्वन्धित आफ्नो वडामा परेको निवेदनको आधारमा त्यसै वडाको वडा समितिले कार्यक्रम छनोट गर्ने छ र हिलिहाङ गाउँपालिका कृषि विकाश शाखा मा पठाउने छ ।**
ङ) अनुदान रकम र प्रक्रिया : अनुदान सहयोगको रकम र प्रक्रिया देहाय बमोजिम हुनेछ ।
१. युवालक्षित कार्यक्रम संचालनको लागि हिलिहाङ गाउँपालिकाले सम्वन्धित विषयगत शाखालाई नै अख्तियारी उपलब्ध गराउने छ ।
२. प्रति स्किम बढिमा रु. ५०,०००।- सम्म अनुदान स्वरुप रकम उपलब्ध गराईनेछ ।
३. स्वीकृति पश्चात हिलिहाङ गाउँपालिकाको कार्यालयले उक्त कार्यक्रमको लागि **सम्झौता गरी कार्य सम्पन्न, तथा अनुगमन पस्चात रकम उपलब्ध गराउने ।**
च) कार्य सम्पन्न प्रतिवेदन: युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्वन्धित वडा कार्यालय मार्फत सम्वन्धित हिलिहाङ गाउँपालिका कृषि बिकास शाखामा अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । हिलिहाङ गाउँपालिका कृषि बिकास शाखाले गाउँपालिकामा संचालित युवा लक्षित कार्यक्रमको प्रगती कम्पायल गरि चौमासिक र बार्षिक रुपमा प्रगती प्रतिवेदन तयार गरि सम्वन्धित गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(छ) भुक्तानी प्रकृया :कार्यक्रम सम्पन्न भए पछि हिलिहाङ गाउँपालिका, हिलिहाङ गाउँपालिका कृषि विकाश शाखा र सम्बन्धित वडा कार्यालय ले अनुगमन गरे पश्चात एक मुष्ठ रुपमा रकम भुक्तानि गरीने छ ।

## परिच्छेद-४

## युवा लक्षित च्याउ तथा मौरी विकास कार्यक्रम सञ्चालन बिधि

युवा लक्षित च्याउ तथा मौरी विकास कार्यक्रम सञ्चालन प्रक्रिया : युवा लक्षित च्याउ तथा मौरी विकास कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) योजना छनोट सम्बन्धित वडा कार्यालयमा परेको निवेदनको आधारमा गरीने छ ।

(ख) च्याउको हकमा च्याउ खेती सम्बन्धी तालीम, ताजा च्याउ उत्पादन, च्याउ प्रशोधन तथा च्याउको विउ उत्पादन सम्बन्धी कुनै पनि क्षेत्रमा प्रस्ताव पेश गर्न सकिने छ भने मौरीको हकमा मौरीपालन सम्बन्धी तालिम, मह उत्पादन, मौरी श्रोत केन्द्र स्थापना र सञ्चालन, तथा मह प्रशोधन र बजारीकरण मध्ये कुनै पनि क्षेत्रमा प्रस्ताव पेश गर्न सकिने छ ।

(ग) हिलिहाङ गाउँपालिका कृषि बिकास शाखाले विभिन्न माध्यम वाट सुचना प्रवाह गर्ने छ।

(घ) सुचनाको आधारमा इच्छुक युवाहरुले सम्वन्धित वडा कार्यालयमा अनुसूची ३ बमोजिमको कार्ययोजना सहित अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दर्ता गराउनु पर्नेछ। स्कीमलाई यथार्थपरक पार्न हिलिहाङ गाउँपालिका कृषि बिकास शाखाले सहयोग गर्नु पर्दछ ।

ङ) छनौट प्रक्रिया : कार्यक्रम छनोट गर्दा सम्वन्धित आफ्नो वडामा परेको निवेदनको आधारमा त्यसै वडाको वडा समितिले कार्यक्रम छनोट गर्ने छ र हिलिहाङ गाउँपालिका कृषि विकाश शाखा मा पठाउने छ ।

(च) छनौट भएका प्रस्तावहरु वडा कार्यालयहरु र हिलिहाङ गाउँपालिकाको समन्वय र सहकार्यमा सञ्चालन गरिने छ।

(छ) भुक्तानी प्रकृया :कार्यक्रम सम्पन्न भए पछि हिलिहाङ गाउँपालिका, हिलिहाङ गाउँपालिका कृषि विकाश शाखा र सम्बन्धित वडा कार्यालय ले अनुगमन गरे पश्चात एक मुष्ठ रुपमा रकम भुक्तानि गरीने छ ।

(ज) कार्य सम्पन्न प्रतिवेदन: युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्वन्धित वडा कार्यालय मार्फत सम्वन्धित हिलिहाङ गाउँपालिका कृषि विकास शाखामा अनुसूची ५ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ। हिलिहाङ गाउँपालिका कृषि विकास शाखाले गाउँपालिकामा संचालित युवा लक्षित कार्यक्रमको प्रगती कम्पायल गरि चौमासिक र वार्षिक रुपमा प्रगती प्रतिवेदन तयार गरि सम्बन्धित गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद- ५

## *युवा लक्षित व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन बिधि :*

CS CamScanner

युवा लक्षित व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया : युवा लक्षित व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रम संचालन हुने स्थानहरु : हिलिहाङ गाउँपालिकाको कार्यालयबाट संचालन गरिने कार्यक्रमको लागि सम्बन्धित वडा कार्यालयबाट स्थानहरुको छनौट गरिनेछ । हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन् ।

ख) कार्यक्रम संचालन अवधि : यस कार्यक्रम अन्तर्गत छनौट भएका निजी फार्म र समुह र समिति र सहकारीहरुलाई एक पटकका लागि अनुदान सहयोग उपलब्ध गराईने छ । त्यसपछि सम्बन्धित हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत व्यवसायिक बाखा फर्महरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन् ।

ग) लक्षित वर्ग : सकृय मानव संसाधनको रुपमा रहेका १८-देखि ५० वर्ष उमेर समुहका बाखापालनमा संलग्न वा यो व्यवसाय शुरु गर्न चाहने निजी फार्म / समुह / समिति / सहकारीमा आवद्ध कृषकहरु हुने छन् ।

घ) व्यवसायिक बाखा फार्मको वर्गीकरण : यस कार्यक्रम अन्तर्गत व्यवसायिक बाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छ :

(१) निजी व्यवसायिक बाखापालन फार्म : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् २० वटा प्रजनन् योग्य माउ बाखापालन गरिरहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यवसायिक बाखा फार्म मानिने छ ।

(२) समुह वा समितिमा संचालन हुने व्यवसायिक बाखापालन फार्महरु : प्रत्येक कृषक सदस्यसंग औसतमा ७ वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने समूह / समिति अन्तर्गतका फार्महरुलाई व्यवसायिक मानिने छ ।

(३) सहकारीमा संचालन हुने व्यवसायिक बाखा पालन फार्महरु : कम्तिमा २५ जना सदस्य रहेको सहकारी संस्थाका प्रत्येक सदस्यसँग औसत ७ प्रजनन योग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने सहकारी फार्महरुलाई व्यवसायिक मानिने छ ।

ङ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम (बढिमा) (१) निजी व्यवसायिक फार्म स्थापना वा सुदृढिकरण : रु. ५० हजार (२) समुह/समितिमा व्यवसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरण :रु. १ लाख ५० हजार (३) सहकारीमा व्यवसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि : रु. २ लाख (नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ ।)

च) अनुदान रकमको उपयोग : यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण, सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं निर्माण, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद, कृत्रिम गर्भाधान व्यवस्थापन वा आवश्यक उपकरण खरिद तथा ढुवानीमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाखाको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न पाइने छैन ।

छ) प्रस्ताव आव्हान: फार्म / समुह / समिति / सहकारीमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिक बाखा फार्मस्थापना वा सुदृढिकरणका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची ७ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमश: अनुसूची ८ र ९ बमोजिम हुने छ ।

ज) प्रस्ताव मुल्यांकन : पेश हुन आएका प्रस्तावहरुलाई यस कार्यविधिको अनुसुची ११ अनुसार मुल्याङकन गरीने छ ।

झ) छनौट भएका व्यवसायीहरुसँग सम्झौता : सम्बन्धित वडा कार्यालयद्वारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची १० बमोजिमको द्विपक्षिय सम्झौता गराइने छ । छनौट भएका फर्म/संघ/संस्थाले अनुसूची १२ बमोजिम प्रगति विवरण हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखा कार्यालयमा पठाउनु पर्ने छ ।

ञ) छनौट भएका व्यवसायीले कार्य सम्पन्न गरे पश्चात हिलिहाङ गाउँपालिका, संबन्धित वडा कार्यालय तथा पशु पंक्षी विकास शाखा ले अनुगमन गरी फार्म समुह समिति सहकारीलाई अनुदान रकम उपलब्ध गराइने छ ।

## परिच्छेद- ६

### *युवा लक्षित व्यवसायिक गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि*

युवा लक्षित व्यवसायिक गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया : युवा लक्षित व्यवसायिक गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रम संचालन हुने स्थानहरु : हिलिहाङ गाउँपालिकाको कार्यालयबाट संचालन गरिने कार्यक्रमको लागि सम्बन्धित वडा कार्यालयबाट स्थानहरुको छनौट गरिनेछ । हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन् ।

ख) कार्यक्रम संचालन अवधि : यस कार्यक्रम अन्तर्गत छनौट भएका निजी फार्म र समुह र समिति र सहकारीहरुलाई एक पटकका लागि अनुदान सहयोग उपलब्ध गराईने छ । त्यसपछि सम्बन्धित हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत व्यवसायिक गाई फर्महरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन् ।

ग) लक्षित वर्ग : सकृय मानव संसाधनको रुपमा रहेका १८ देखि ५० वर्ष उमेर समुहका गाईपालनमा संलग्न वा यो व्यवसाय शुरु गर्न चाहने निजी फार्म समुह समिति/सहकारीमा आवद्ध कृषकहरु हुने छन् ।

घ) व्यवसायिक गाई फार्मको बर्गीकरण : यस कार्यक्रम अन्तर्गत व्यवसायिक गाई फार्महरुलाई निम्नानुसार बर्गिकरण गरिने छ :

CamScanner

(१) निजी व्यवसायिक गाईपालन फार्म : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् ५ वटा प्रजनन् योग्य माउ गाईपालन गरिरहेका वा सो संख्यामा गाईपालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यवसायिक गाई फार्म मानिने छ ।

(२) समुह वा समितिमा संचालन हुने व्यवसायिक गाईपालन फार्महरु : प्रत्येक कृषक सदस्यसँग औसतमा ५ वटा प्रजनन् योग्य माउ गाई भएको वा सो संख्यामा गाईपालन गरी व्यवसाय शुरु गर्ने समूह समिति अन्तर्गतका फार्महरुलाई व्यवसायिक मानिने छ ।

(३) सहकारीमा संचालन हुने व्यवसायिक गाई पालन फार्महरु : कम्तिमा २५ जना सदस्य रहेको सहकारी संस्थाका प्रत्येक सदस्यसँग औसत ५ प्रजनन् योग्य माउ गाई भएको वा सो संख्यामा गाईपालन गरी व्यवसाय शुरु गर्ने सहकारी फार्महरुलाई व्यवसायिक मानिने छ ।

ङ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम (बढिमा) (१) निजी व्यवसायिक फार्म स्थापना वा सुदृढिकरण : रु. ५० हजार (२) समुह समितिमा व्यवसायिक गाईपालन फार्महरु स्थापना वा सुदृढिकरण :रु. १ लाख ५० हजार (३) सहकारीमा व्यवसायिक गाईपालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि : रु. २ लाख (नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ ।)

च) अनुदान रकमको उपयोग : यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले गाइको गोठ निर्माण, सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं निर्माण, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् गोरु खरिद, कृत्रिम गर्भाधान व्यवस्थापन वा आवश्यक उपकरण खरिद तथा ढुवानीमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट गाईको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न पाइने छैन ।

छ) प्रस्ताव आव्हान: फार्म समुह समिति सहकारीमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिक गाई फार्मस्थापना वा सुदृढिकरणका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची ८ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमश: अनुसूची ८ र ९ बमोजिम हुने छ ।

ज) प्रस्ताव मुल्यांकन : पेश हुन आएका प्रस्तावहरुलाई यस कार्यविधिको अनुसुची ११ अनुसार मुल्याङकन गरीने छ ।

झ) छनौट भएका व्यवसायीहरुसँग सम्झौता : सम्वन्धित वडा कार्यालयद्वारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची १० बमोजिमको द्धिपक्षिय सम्झौता गराइने छ । छनौट भएका फर्म संघ संस्थाले अनुसूची १२ बमोजिम प्रगति विवरण हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखा कार्यालयमा पठाउनु पर्ने छ ।

ञ) छनौट भएका व्यवसायीले कार्य सम्पन्न गरे पश्चात हिलिहाङ गाउँपालिका, संबन्धित वडा कार्यालय तथा पशु पंक्षी विकास शाखा ले अनुगमन गरी फार्म समुह समिति सहकारीलाई अनुदान रकम उपलब्ध गराइने छ ।

।

## परिच्छेद- ७

CamScanner

## युवा लक्षित विशेष पशु उत्पादन (डेरी) कार्यक्रम सञ्चालन बिधि :

युवा लक्षित विशेष पशु उत्पादन (डेरी) कार्यक्रम सञ्चालन प्रकृया : युवा लक्षित विशेष पशु उत्पादन (डेरी) कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) डेरी पसल निर्माण वा सुधार कार्यक्रम सकभर गाउँपालिको घना बस्ति भएको तथा आबादीयुक्त व्यापारीक केन्द्रलाई लक्षित गरी संचालन गरी संचालन गरीनेछ ।

ख) डेरी पसल निर्माण वा सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तीमा १०० लिटर दुध वा सो बराबरको दुग्धजन्य परिकार बिक्रि वितरण गरिरहेको हुनु पर्नेछ ।

ग) डेरी पसल निर्माण वा सुधार कार्यक्रम अन्तरगत सम्बन्धित कार्यालयबाट प्रदान गरिने रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

१. बिक्रि कक्ष निर्माण, टायल वा मार्वल फिटिङ, एरेन्जमेन्टबोर्ड वा ब्यानर आदि ।
२. मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद ।
३. मिल्क डिस्पेन्सर खरिद ।
४. डेरी पसलको सजावट र फोहोर व्यवस्थापन आदि ।

घ) सुधारिएको डेरी पसल देहायको मापदण्ड अनुसारको हुनु पर्नेछ । अन्यथा सम्बन्धित कार्यालय अनुदान रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१.ठुलो पसलको क्षेत्रफल न्युनतम १२ फिट चौडाइ भएको र २० फिट लम्बाई भएको तथा सानो पसलको हकमा लम्बाई १२ फिट र चौडाई १० फिट भएको ।

२.पसलको उचाई १० फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने गरी बनाईएको ।

३. भित्ता पक्का खालको र भित्ताको ६ फिट उचाई सम्म सेतो रङ्गको टायल लगाई त्यस भन्दा माथि सेतो रङ्ग लगाएको ।

४. बिक्रि कक्षको भुँई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमको ढलान गरीएको, टायल वा मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको ।

५. डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापको प्रवन्ध भएको ।

६. डेरी पसलमा प्रयोग गरिने औजार वा उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको ।

७. डेरी पसलमा काम गर्ने व्यक्तिले एप्रोन, गमबुट, मास्क, क्याप र ग्लोब लगाएको ।

८. डेरी पसलमा झिंगा वा अवान्छित जिवजन्तु पस्न नसक्ने किसिमको जाली वा ढोकाको व्यवस्था भएको ।

९. डेरी पसलमा डिपफ्रिज वा चिलरको व्यवस्था भएको ।

ङ) यस कार्यक्रम अन्तरगत निर्माण वा सुधार गर्ने प्रस्तावित डेरी पसल हिलिहाङ गाउँपालिका वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नविकरण भएको हुनु पर्नेछ ।

च) प्रस्ताव आव्हानः फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिक बाखा फार्मस्थापना वा सुदृढिकरणका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची ७ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची ८ र ९ बमोजिम हुने छ ।

CamScanner

छ) प्रस्ताव मुल्यांकन : पेश हुन आएका प्रस्तावहरुलाई यस कार्यविधिको अनुसुची ११ अनुसार मुल्याङ्कन गरीने छ ।

ज) छनौट भएका व्यवसायीहरुसँग सम्झौता : सम्वन्धित वडा कार्यालयद्वारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची १० बमोजिमको द्विपक्षिय सम्झौता गराइने छ । छनौट भएका फर्म/संघ/संस्थाले अनुसूची १२ बमोजिम प्रगति विवरण हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखा कार्यालयमा पठाउनु पर्ने छ ।

झ) छनौट भएका व्यवसायीले कार्य सम्पन्न गरे पश्चात हिलिहाङ गाउँपालिका संबन्धित वडा कार्यालय तथा पशु पंक्षी विकास शाखा ले अनुगमन गरी फार्म / समुह / समिति / सहकारीलाई अनुदान रकम उपलब्ध गराइने छ ।

## परिच्छेद- ८

### *युवा लक्षित व्यवसायिक बंगुर पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन बिधि :*

युवा लक्षित व्यवसायिक बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया : युवा लक्षित व्यवसायिक गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रम संचालन हुने स्थानहरु : हिलिहाङ गाउँपालिकाको कार्यालयबाट संचालन गरिने कार्यक्रमको लागि सम्वन्धित वडा कार्यालयबाट स्थानहरुको छनौट गरिनेछ । हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन् ।

ख) कार्यक्रम संचालन अवधि : यस कार्यक्रम अन्तर्गत छनौट भएका निजी फार्म र समुह र समिति र सहकारीहरुलाई एक पटकका लागि अनुदान सहयोग उपलब्ध गराईने छ । त्यसपछि सम्वन्धित हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत व्यवसायिक बंगुर फर्महरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन् ।

ग) लक्षित वर्ग : सकृय मानव संसाधनको रुपमा रहेका १८ देखि ५० वर्ष उमेर समुहका बंगुर पालनमा संलग्न वा यो व्यवसाय शुरु गर्न चाहने निजी फार्म /समुह/समिति/सहकारीमा आवद्ध कृषकहरु हुने छन् ।

घ) व्यवसायिक बंगुर फार्मको वर्गीकरण : यस कार्यक्रम अन्तर्गत व्यवसायिक बंगुर फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छ :

(१) निजी व्यवसायिक बंगुर पालन फार्म : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् ५ वटा प्रजनन् योग्य माउ बंगुरपालन गरिरहेका वा सो संख्यामा बंगुर पालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यवसायिक बंगुर फार्म मानिने छ ।

(२) समुह वा समितिमा संचालन हुने व्यवसायिक बंगुर पालन फार्महरु : प्रत्येक कृषक सदस्यसँग औसतमा ७ वटा प्रजनन् योग्य माउ बंगुर भएको वा सो संख्यामा बंगुर पालन गरी व्यवसाय शुरु गर्ने समुह समिति अन्तर्गतका फार्महरुलाई व्यवसायिक मानिने छ ।

(३) सहकारीमा संचालन हुने व्यवसायिक बंगुर पालन फार्महरु : कम्तिमा २५ जना सदस्य रहेको सहकारी संस्थाका प्रत्येक सदस्यसँग औसत ७ प्रजनन् योग्य माउ बंगुर भएको वा सो संख्यामा बंगुर पालन गरी व्यवसाय शुरु गर्ने सहकारी फार्महरुलाई व्यवसायिक मानिने छ ।

CamScanner

ङ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम (बढीमा) (१) निजी व्यवसायिक फार्म स्थापना वा सुदृढिकरण : रु. ५० हजार (२) समुह समितिमा व्यवसायिक बंगुर पालन फार्महरु स्थापना वा सुदृढिकरण :रु. १ लाख ५० हजार (३) सहकारीमा व्यवसायिक बंगुर पालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि : रु. २ लाख (नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ ।)

च) अनुदान रकमको उपयोग : यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बंगुरको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न पाइने छैन । यी तोकीए भन्दा बाहेकका अन्य क्षेत्रमा उपयोग गर्नु पर्ने छ ।

छ) प्रस्ताव आव्हान: फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिक बाखा फार्मस्थापना वा सुदृढिकरणका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची ७ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची ८ र ९ बमोजिम हुने छ ।

ज) प्रस्ताव मुल्यांकन : पेश हुन आएका प्रस्तावहरुलाई यस कार्यविधिको अनुसुची ११ अनुसार मुल्याङकन गरीने छ ।

झ) छनौट भएका कृषक वा व्यवसायीहरुसंग सम्झौता : सम्बन्धित वडा कार्यालयद्वारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची १० बमोजिमको द्धिपाक्षय सम्झौता गराइने छ ।

ञ) छनौट भएका व्यवसायीले कार्य सम्पन्न गरे पश्चात हिलिहाङ गाउँपालिका संबन्धित वडा कार्यालय तथा पशु पंक्षी बिकास शाखा ले अनुगमन गरी व्यवसायि कृषक फार्म/ समुह / समिति / सहकारीलाई अनुदान रकम उपलब्ध गराइने छ ।

## परिच्छेद- ९

### *युवा लक्षित व्यवसायिक कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन बिधि :*

युवा लक्षित व्यवसायिक कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया : युवा लक्षित व्यवसायिक कुखुरा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) कार्यक्रम संचालन हुने स्थानहरु : हिलिहाङ गाउँपालिकाको कार्यालयबाट संचालन गरिने कार्यक्रमको लागि सम्बन्धित वडा कार्यालयबाट स्थानहरुको छनौट गरिनेछ । हिलिहाङ गाउँपालिका पशुपंक्षी विकास शाखाले यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्नेछन् ।

ख) कार्यक्रम संचालन अवधि : यस कार्यक्रम अन्तर्गत छनौट भएका निजी फार्म समुह समिति सहकारीहरुलाई एक पटकका लागि अनुदान सहयोग उपलब्ध गराईने छ । त्यसपछि सम्बन्धित हिलिहाङ

CamScanner

गाउँपालिका पशुपंक्षी विकास शाखाले आफ्नो नियमित कार्यक्रम अन्तर्गत व्यवसायिक कुखुरा फर्महरुका लागि प्राविधिक सेवा टेवाका कार्यक्रम समावेश गरी संचालन गर्न सक्नेछन् ।

ग) लक्षित वर्ग : सकृय मानव संसाधनको रुपमा रहेका १८ देखि ५० बर्ष उमेर समुहका कुखुरा पालनमा संलग्न वा यो व्यवसाय शुरु गर्न चाहने निजी फार्म समुह समिति सहकारीमा आवद्ध कृषकहरु हुने छन् ।

घ) यस कार्यक्रमा छनौट हुनका लागी निजि व्यवसाहीको हकमा २०० कुखुरा तथा सामुहीक तथा सहकारी मार्फत संचालित कार्यक्रमका लागी ५०० कुखुरा पालन गरेको हुनु पर्ने छ ।

च) अनुदान रकमको उपयोग : यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले कुखुरा खोर व्यवस्थापन तथा अन्य कुखुरा पालन संबन्धित सामाग्री व्यवस्थापनमा प्रयोग गर्न सकिने छ ।

छ) प्रस्ताव आव्हान: फार्म समुह समिति सहकारीमा आवद्ध कृषकहरुबाट सहकार्यमा व्यवसायिक बाख्रा फार्मस्थापना वा सुदृढिकरणका लागि प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची ७ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमश: अनुसूची ८ र ९ बमोजिम हुने छ ।

ज) प्रस्ताव मुल्यांकन : पेश हुन आएका प्रस्तावहरुलाई यस कार्यविधिको अनुसुची ११ अनुसार मुल्याङ्कन वडा समितिले गरी हिलिहाङ गाउँपालिका कृषि विकाश शाखा लाई वडा को निर्णय पठाउने छ ।

झ) छनौट भएका कृषक वा व्यवसायीहरुसँग सम्झौता : सम्बन्धित वडा कार्यालयद्वारा छनौट गरिएका प्रस्तावहरुलाई अनुसूची १० बमोजिमको द्विपक्षिय सम्झौता गराइने छ ।

ञ) छनौट भएका व्यवसायीले कार्य सम्पन्न गरे पश्चात हिलिहाङ गाउँपालिका संबन्धित वडा कार्यालय तथा पशु पंक्षी विकास शाखा ले अनुगमन गरी फार्म समुह समिति सहकारीलाई अनुदान रकम उपलब्ध गराइने छ ।

## परिच्छेद-१०
## विविध

१) अनुगमन तथा मूल्यांकन व्यवस्था : सम्बन्धित वडा, हिलिहाङ गाउँपालिका, हिलिहाङ गाउँपालिका कृषि विकास शाखा तथा पशु पंक्षि शाखा कार्यालयहरुबाट नियमित अनुगमन गरिने छ ।

२) कार्वाहीको व्यवस्था : प्रस्ताव स्वीकृत भएका युवा कृषक व्यवसायीहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

३) प्रचलित कानून लागू हुने : युवा लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

४) कार्यविधि संशोधन तथा परिमार्जन : हिलिहाङ गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

अनुसूची - १

## फलफूल/तरकारी खेती/च्याउ / मौरी सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०..... .... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई फलफूल तरकारी खेती च्याउ मौरी सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध बेरोजगार बेरोजगार युवा युवतीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १० दिन भित्र सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्च: आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

CamScanner

## अनुसूची - २

फलफूल/तरकारी खेती/च्याउ/मौरी सम्वन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
हिलिहाङ गाउँपालिका, ............................... ।

विषय : यूवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्ने तिव्र ईच्छा भएकोले तपसिल वमोजिममा कागजात संलग्न राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु ।

तपशिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)
५. बैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समूह,समिति वा सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :

CamScanner

# अनुसूची - ३

## फलफूल तरकारी खेती च्याउ मौरी सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थर :
ठेगाना : .................. गाउँ/टोल : .................... वार्ड नं. : ....... गा.पा. : ................
जिल्ला : ..................
संचालन गर्न खोजेको ........... सम्वन्धि व्यवसाय र स्थान :
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :
आफ्नो लगानि :
आफ्नो पारिवारिक श्रम :
व्यवसायबाट उत्पादन हुने वस्तु :
उत्पादित कृषि बस्तुको परिमाण :
बजारयोग्य परिमाण :
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ पार्दैन ?
फर्म,समुह, समिति वा सहकारीको नाम :
सम्पर्क नम्बर:
ठेगाना : गाउं टोल वडा नं. गा.पा. जिल्ला
व्यवसाय संचालन गरिने स्थान :
संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको छ वर्ष.........महिना.......
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक ख) बाहिरबाट ग) दुवै

**तर्फ बाट सहि गर्नेको**

नाम : संस्थाको छाप: (संस्थाको हकमा)
पद :
दस्तखत : मिति :

CamScanner

# अनुसूची - ४

## फलफूल/तरकारी खेती/च्याउ/मौरी सम्वन्धि कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

हिलिहाङ गाउँपालिकाको कार्यालय ................................... मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत यूवा स्वरोजगार विकाश कार्यक्रम संचालन गर्न हिलिहाङ गाउँपालिका, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र छनौट भएका यूवा कृषक श्री सुश्री श्रीमती .................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता सहमर्म त भएको छ ।

१. पहिली पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार प्रस्तावित रकम कार्याविधि अनुसार सामाग्री वा सोझै नगद ड्राफ्ट चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ........................................................................ व्यवसाय संचालन गर्नेछ ।

३. पहिलो पक्षले निर्यामित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा पनि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफैं हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| हिलिहाङ गाउँपालिकाको तर्फबाट सहि गर्नेको | यूवा उद्यमी वा संस्थाको तर्फबाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | संस्थाको छाप (संस्थाको हकमा) : |
| सम्पर्क फोन नं. : | |

औठाको छाप :

दा. वाँ.

सम्पर्क फोन नं.

# अनुसूची - ५

## फलफूल/तरकारी खेती/च्याउ/ मौरी सम्बन्धि कार्यक्रमको प्रगति विवरण फारामको

कार्यक्रमको नाम : युवा स्वरोजगार कार्यक्रम आ.ब. :

प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

| क्र.सं | कृषको नाम थर | सम्पन्न गरेको कार्यक्रम | ईकाई | लक्ष्य | प्रगति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूची - ६

## फलफूल/तरकारी खेती/च्याउ/मौरी सम्बन्धि कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

क्र.सं. द.नं. आवेदकको नाम
ठेगाना
मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने)
उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०)
पेश गरेको कार्ययोजना (४०)
उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५)
वास्तविक लक्षित वर्ग (१५)
कुल प्राप्ताङ्ग (१००)

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्ग (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मुल्यांकन गर्ने पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :
१.
२.
३.

# अनुसुची - ७

## गाई पालन/बाखा पालन/बंगुर पालन /कुखुरा पालन तथा डेरी ब्यवसाय सम्बन्धि युवा लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यूवाहरुलाई गाई पालन बाखा पालन बंगुर पालन /कुखुरा पालन तथा डेरी ब्यवसाय सम्बन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुंदा ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार वेरोजगार यूवा यूवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १० दिन भित्र सम्वन्धित वडा कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्च: आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

१. अनुसूची ८ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ९ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

## अनुसूची - ८

### गाई पालन / बाखा पालन / बंगुर पालन / कुखुरा पालन तथा डेरी व्यवसाय सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
हिलिहाङ गाउँपालिका, .............................. ।

विषय : यूवा लक्षित अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत बिषयमा मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले तपसिल वमोजिममा कागजान संलग्न राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु ।

तपशिल

१. अनूसूची ९ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समूह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)
५. वैदेशिक रोजगारवाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समूह,समिति वा सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :

## अनुसूची - ९

### गाई पालन/बाखा पालन/बंगुर पालन /कुखुरा पालन तथा डेरी व्यवसाय सम्वन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त कार्य योजना

उद्यमी यूवा/यूवतीको नाम थर :

ठेगाना : .................. गाउँ/टोल : .................. वार्ड नं. : ...... गा.पा. : ...............

जिल्ला : ..................

संचालन गर्न खोजेको ........... सम्बन्धि व्यवसाय र स्थान :

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

आफ्नो लगानि :

आफ्नो पारिवारिक श्रम :

व्यवसायबाट उत्पादन हुने वस्तु :

उत्पादित कृषि बस्तुको परिमाण :

बजारयोग्य परिमाण :

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म,समुह, समिति वा सहकारीको नाम :

सम्पर्क नम्बर:

ठेगाना : गाउं/टोल वडा नं. गा.पा. जिल्ला

व्यवसाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए, बिगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको छ वर्ष......... महिना.......

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक ख) बाहिरबाट ग) दुवै

**तर्फ बाट सहि गर्नेको**

नाम :

पद :

दस्तखत :

संस्थाको छाप: (संस्थाको हकमा)

मिति :

# अनुसूची - १०

## गाई पालन/बाखा पालन/बंगुर पालन /कुखुरा पालन तथा डेरी व्यवसाय सम्वन्धि कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

हिलिहाङ गाउँपालिकाको कार्यालय ............................... मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत यूवा स्वरोजगार विकाश कार्यक्रम संचालन गर्न हिलिहाङ गाउँपालिका, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) र छनौट भएका यूवा कृषक श्री सुश्री श्रीमती ................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार प्रस्तावित कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ........................... व्यवसाय संचालन गर्नेछ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफैं हुनेछ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| हिलिहाङ गाउँपालिकाको तर्फवाट सहि गर्नेको | यूवा उद्यमी वा संस्थाको तर्फबाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | संस्थाको छाप (संस्थाको हकमा) : |
| सम्पर्क फोन नं. : | |

औठाको छाप :

दा. वाँ.

सम्पर्क फोन नं.

CamScanner

# अनुसूची - ११

## गाई पालन/बाखा पालन/बंगुर पालन /कुखुरा पालन तथा डेरी व्यवसाय सम्बन्धि कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

क्र.सं. द.नं. आवेदकको नाम
ठेगाना
मूल्याङ्कन (१०० पूर्णङ्कमा गर्ने)
उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०)
पेश गरेको कार्ययोजना (४०)
उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५)
वास्तविक लक्षित वर्ग (१५)
कुल प्राप्ताङ्ग (१००)

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्ग (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

मुल्यांकन गर्ने पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :
१.
२.
३.

## अनुसूची - १२

## गाई पालन/बाखा पालन/बंगुर पालन /कुखुरा पालन तथा डेरी व्यवसाय सम्बन्धि कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी कृषकको
नाम :
ठेगाना :

२. संचालित व्यवसायको
नाम :
ठेगाना :

३. आ.व.
४. प्रगति प्रतिवेदन अवधी : चौमासिक वार्षिक
क्र.सं. कार्य विवरण ईकाई लक्ष्य प्रगति आई परेका बाधा अड्चनहरु
समाधानको लागि सुझावहरु

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :
१. ....... २. ....... ३. ....
यूवा उद्यमीको नाम :
दस्तखत :
मिति :
ठेगाना :